# गाउँ सभाको उपाध्यक्ष चिनमाया गुरुङद्धारा तेश्रो गाउँ सभामा प्रस्तुत भएको बजेट मन्तव्य :

अर्जुनचौपारी गाउँपालिकाको पाँचौ ऐतिहासिक गाउँसभामा अध्यक्षता ग्रहण गरि रहनु भएका अध्यक्ष एवं अर्जुनचौपारी गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, ६ वटै वडाका अध्यक्षज्यहरु, कार्यपालिका सदस्यज्यूहरु, सम्पूर्ण गाउँपालिका सदस्यज्यूहरु, विभिन्न समितिका पदाधिकारीज्यूहरु, राष्ट्र सेवक कर्मचारी एवं गाउँ सभामा उपस्थित सम्पूर्ण व्यक्तित्वज्यूहरु ,

सुन्दर शान्त हराभरा अनि विविध सांस्कृतिक, धार्मिक तथा पौराणिक सम्पदाले भरीपूर्ण कल्कलाई रहेको दरौंखोलाको काखमा विराजमान अर्जुनचौपारी गाउँपालिकाको पाँचौ गाउँ सभाको ऐतिहासिक घडीमा उपस्थित सम्पूर्ण व्यक्तित्वहरु प्रति मेरो व्यक्तिगत तर्फबाट र सिङ्गो गाउँपालिकाको तर्फबाट शव्दरुपी पुष्प गुच्छाद्धारा हार्दिक स्वागत टक्राउँदछु ।

सर्वप्रथम म यस ऐतिहासिक घडीमा यहाँहरुको इच्छा र चाहाना पूर्ण रुपमा छोटो समयमा पुरा गर्न नसकेपनी समयको सापेक्ष पुरा गर्ने बाचा गर्दछु । अर्जुनचौपारी गाउँपालिकालाई नामाकरण सहित देशभरीका ७५३ स्थानीय तह भित्र समाहीत गराउनको निम्ती जिल्ला देखि सिंहदरबार सम्म घचघचाई अहोरात्र पसिना बगाउनु हुने अनि नेपालको तेश्रो नक्सामा हाम्रो अर्जुनचौपारी गाउँपालिका पनि नामाकरण समाहित गराउने सम्पूर्ण महान व्यक्तित्वहरुलाई यसै अबसरमा नमन साथै इस्मरण गर्दै धन्यवाद दिन चाहान्छु । आजको नेपाल निर्माणको इतिहासको विभिन्न काल खण्डमा देश र जनताको परिवर्तनको पक्षको लागि प्राण आहुती गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दछु । साथै ऐतिहासीक जन आन्दोलनको क्रममा घाईते हुनुभएका अपाङ्ग, विधुवा, विधुर तथा बेपत्ता परिवारजनप्रति यस अबसरमा स्मरण गर्न चाहान्छु । अर्जुनचौपारी गाउँपालिकाको प्रवेशद्धार गुप्तेश्वर मन्दिर देखि थाप्ले पवित्र धार्मिक स्थल एकानन्द गुफा हुदै डहरेदेउराली तथा टाउको लेक देखि थाप्लेको लेक सममलाई आफ्नो सतही परिधी बनाई सुन्दर कचौरा आकारमा सुन्दर शान्त र हराभरा अर्जुनचौपारी गाउँपालिकाको पाँचौ गाउँ सभामा आ.व. २०७६/०७७ को आय व्यय विवरण यहाँहरु सामु पेश गर्न पाउँदा निकै गौरवान्वित महशुस गरेकी छु ।

नेपाल सरकारको सम्वृद्ध नेपाल शुखी नेपालको मुल नारालाई आत्मासाथ गर्दै सम्पूर्ण जनताहरुको परिश्रम र पसिनाबाट सृजित यस गाउँपालिकाको हरेक कुना कन्दरा बर्ग तहमा छरिएर रहनुभएका हाम्रा गाउँपालिकाका ढुकढुकी आदरणीय आमा बुवा, दाजुभाई तथा दिदि बहिनीहरुको मुहारमा सदा सर्वदा हामी सुखी अनी विकासको मूल फुटाउने दिगो लक्ष्य र उद्देश्य राखी यो कार्यक्रम पेश गरेको अवगत गराउन चाहन्छु ।

केन्द्रीकृत शासन व्यवस्थाको अन्त्य गदै विकेन्द्रीत राज्य प्रणालीमा पाइला सार्न अगाडी बढेका हाम्रा यी सृजनशिल हातहरु नेपालको संविधान, २०७२ कार्यान्वयन सँगसगै नेपालको इतिहासमा पहिलो पटक गठन भएको स्थानीय सरकार सञ्चालन निर्देशिका अनुसार आजको यो पाँचै गाउँसभा सम्म आई पुगेका छौ । छोटो समयमा जनताका इच्छा र चाहानहरु सम्पूर्ण रुपमा परिपूर्ति गर्न नसक्नु यथार्थ पनि

हो । समय, इच्छा अनि चाहानाहरुलाई समझदारिमा लैजानु र जानु पनि समन्वय हो । दर्शाउने प्रयास गरिरहेका छौ समन्वय पछि यथार्थमा पनि देखिनेछ । केहि हदै सम्म सफल पनि भएका छौ ।

हामीलाई थाहा छ देशले अव एउटा निश्चित गन्तव्य लिन खोजी रहेको छ । विकास निर्माणमा अग्रगामी छलान मार्ने प्रयास गरी रहेको छ । यसै सन्दर्भमा हामी गाउँपालिका बासीहरुको पनि सोही अनुसार तिव्र परिर्वतन र समाज रुपान्तरण सहितको सम्वृद्ध गाउँपालिकाको परिकल्पना गरी राखेकाछौ । यसलाई पूर्ण रुपमा आत्मसाथ गर्दै यहाँहरुकै भावनालाई आत्मसाथ गर्दै अगाडी बढाउने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । देशको परिस्थिती अनुसार सिमित साधन श्रोत र निश्चित परिधी भित्र रही यस गाउँपालिकाको सम्पूर्ण कार्यक्रम लगायत विकास निर्माणको गतिविधीहरु सञ्चालन गर्नुपर्ने बाध्यता हामी वीच रहेको हुँदा यस बर्षनै यहाँहरुको सम्पूर्ण आशा र चाहनाहरु पूर्ण रुपमा परिपूर्ति गर्न नपाउदा कता कता खिन्नताको आभास पनि भएको छ । तर मलाई आशा र भरोसा अनि विश्वास छकी स्थानीय तह मात्र नभई प्रदेश/केन्द्र सरकार सम्म घचघचाएर पनि यहाँहरुको विकास निर्माण प्रतिको तिव्र चाहानाहरुलाई मूर्तरुप दिनको निम्ती दिनरात खटी यहाँहरुको आशा, भरोसा र विश्वास टुट्न नदिने प्रतिवद्र्धता पुनःव्यक्त गर्न चाहान्छु ।

आदरणीय अध्यज्यू,

मलाई लाग्छ यस अवधि भरी गाउँपालिकाका ३८ वटै टोलहरुका विभिन्न बस्तीहरुमा छरिएर रहेका महिला, बालवालिका देखि बृद्ध सम्म दलित आदिवासी, जनजाती देखि खस आर्य जाती सम्म, अति विपन्न गरिब देखि धनी वर्ग सम्म, फरक क्षमता भएका व्यक्ती देखि सपाङ्ग व्यक्तिहरुको न्यायको शिलशिलामा कहि कतै पनि कुठारघात नभई आजको मिति सम्म निश्पक्ष र विभिन्न रुपमा दुःधको दुध पानीको पानी सहित न्यायोचित रुपमा न्याय सम्पादन गरेको मलाई महशुस भएको छ । चालु बर्ष २०७५/७६ मा ९ वटा मिलापत्र गर्न सफल भएका छौ । त्यसैगरी ६ वटा फौजदारी मुद्धा प्रहरीचौकीमा पठाएका छौ भने ४ वटा छलफलमा रहेको छ, २०७५ षौष ६ गते देखि १३ गते सम्म १४ जना मेलमिलापकर्ताहरुलाई ४८ घण्टा मेलमिलाप तालिम सम्पन्न गरी गाउँपालिकामा सूचिकृत समेत गरेका छौ । मलाई लाग्दछ राष्ट्रको आमुल परिर्वत पश्चात जनताहरुको भावना धेरै फेरिएको छ, इच्छा र चाहनाहरु बदली रहेको छ, परिर्वतन देख्न र प्रयोग गर्न आतुर हुनु हुन्छ । तर हामी सिमित श्रोत र साधनको कारणबाट जनताहरुले अपेक्षा गरेका सम्पूर्ण आशा अनी चाहानाहरुलाई एकै पटक परिपूर्ति गर्न नसकिएको प्रति अत्यन्त सम्वेदनशिल र सजक छौ ।

गाउँपालिकाले जति राजश्व वृद्धि र राजश्व संकलन गर्ने लक्ष्य लिएको थियो सो अनुरुप लक्ष्य पुरा गर्न नसकेको तथ्य पनि स्मरण गराउन चाहन्छु । हाम्रो मुल सम्पत्ति नै हाम्रो आन्तरिक राजश्व भएको हुँदा सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु राजश्व संकलन प्रति विशेष ध्यान आकर्षण गराउन चाहन्छु ।

गाउँपालिकाको पाँचौ गाउँसभा सम्म आई पुग्दा गाउँपालिकाको स्थलगत अध्ययन गर्दा अब हामिले टुक्रे साना छरिएका काम गर्दा हामी कहिल्यै पनि निश्चित गन्तव्यमा पुग्न नसकिने रहेछ भन्ने गहिराईमा पुगी यस बर्ष देखि प्रदेश र केन्द्र सरकारको नीति अनुसार बजेट माग गरी गाउँपालिकाको गौरबका योजनाहरुलाई मात्र प्राथमिकता दिएकोछु ।

विगतका दिनहरुमा सम्पूर्ण जनप्रतिनिधीहरु र राष्ट्रसेवक कर्मचारीहरु जनताको मुहार फेर्न र समृद्ध गाउँपालिका बनाउनका लागि अहोरात्र खटिई सम्पूर्ण दिनहरुमा सर्मपित हुनु भएकोमा आभार प्रकट गर्दै

आगामी दिनहरुमा पनि यस गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउनको निम्ती हरपल हरदम पाईलाहरु अगाडी बढाई रहनेछ भन्ने विश्वास लिएकोछु । गाउँ–गाउँ, ठाँउ–ठाउँ, बस्ती–बस्ती अनि दारेगौडा देखि डहरेको लेक, तामुको लेक देखि थाप्लेको लेक सममका जनताहरुले लोकतन्त्रको अनुभुति हुने गरी आफुलाई सार्वभौमसत्ता सम्पन्नताको अनुभुति गर्न पाउने छन् भन्ने यसै अवसरमा शुभ–कामना टक्राउँन ।

गाउँसभाका आदरणीय अध्यक्षज्यू,
गाउँसभाका सदस्य ज्यूहरु,
राष्ट्रसेवक कर्मचारी मित्रहरु

१. बजेट तर्जुमा गर्दा मैले मूलत:नेपालको संविधान र कानूनहरु,नेपाल सरकार तथा प्रदेश सरकारको नीति,कार्यक्रम तथा बजेट वक्तव्य, विनियोजन विधेयक,२०७६ को सिद्धान्त र प्राथमिकता, गाउँकार्यपालिका निर्णयहरु तथा दीगो विकास लक्ष्यलाई मुख्य आधार बनाएको छु ।साथै,विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिएकोछु ।

२. स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व बाँडफाँटलाई मुल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै,यस बजेटमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैर कर राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु ।

३. अनुप्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत बजेटको अंश बढाउने र
चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेकोछु । साथै कार्यक्रमको छनौट,साधन स्रोतको बाँडफाँट र विनियोजनमा देखिने दोहोरोपनालाई न्यूनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता,स्रोत तथा विनियोजनका वीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

४. समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण,परिपूरक कानुन तर्जुमा,भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापन,आन्तरिक स्रोतको आधार विस्तार,उत्पादन र उत्पादकत्व बृद्धि,आयोजनाको प्राथमिकीकरण,असल शासन प्रवर्दन र अन्तरसरकारी समन्वय हाम्रो सरकारको प्रमुख चुनौती रहेका छन् ।

सभाका अध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु,
अव म आगामी आर्थिक वर्ष २०७६/७७ को वजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।बजेटका उद्देश्य निम्न अनुसार रहेका छन् ।

५. जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु,

६. लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गर्नु,

७. कानुनी राज्य र दिगो विकासको अवधारणाअनुरुप समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु,

८. स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्नु,

९. स्थानीय तहमा विधायिकी,कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु ।

१०. आगामी आर्थिक वर्षको बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु ।

११. ग्रामीण सडक, प्रशासकीय भवन तथा शहरी विकास मार्फत पूर्वाधार विकास,

१२. कृषि, पर्यटन, उद्योग तथा वाणिज्य,सहकारी,वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास ,

१३. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवधर्न, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को विकास मार्फत सामाजिक विकास,

१४. वन,वातावरण तथा विपद् व्यवस्थापन

१५. सुशासन तथा संस्थागत विकास

अव म चालु आर्थिक वर्ष २०७५/७६ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

१६. चालु आर्थिक वर्षमा रु ३५ लाख ३८ हजार राजस्व परिचालन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्त सम्म करिब २५ लाख राजस्व संकलन भै सकेको छ । त्यसैगरी चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदानबापत प्राप्त रु ६ करोड ४५ लाख रुपैया मध्ये रु ४ करोड ५१ लाख ८९ हजार खर्च भएको छ भने संघीय राजस्व बाँडफाँडबाट रु ४ करोड ५४ लाख ६३ हजार नौ सय दस रुपैया आय प्राप्त हुनुपर्नेमा चालु आ.व.को जेष्ठ मसान्त सम्ममा रु ३ करोड ९३ लाख पाचँ सय सतचालिस रुपैया मात्र प्राप्त भै रु १ करोड ४४ लाख ७५ हजार प्राप्त हुन बाँकी छ ।

१७. चालु आर्थिक वर्षको सशर्त अनुदान तर्फ रु १२ करोड ३२ लाख ८९ हजार रुपैया मध्ये चालु आ.व.को जेष्ठ मसान्त सम्म रु ११ करोड २५ हजार रुपैया खर्च भएको छ। त्यस्तै सामाजिक सुरक्षा भत्ता बापत रु ४ करोड ५ लाख ७५ हजार रुपैया प्राप्त भएको छ ।

१८. अनुदान तथा राजस्व बाँडफाँटका अतिरिक्त स्थानीय पूर्वाधार विकास कार्यक्रम तर्फ रु ४० लाख,प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रु १२ लाख ९९ हजार, सडक बोर्ड नेपालबाट तर्फ रु १० लाख, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशबाट रु १० लाख,गरिव संग विश्वेश्वर कार्यक्रम तर्फ रु ४ लाख २९ हजार,गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम तर्फ रु १३ लाख ९४ हजार नौ सय, झोलुङगे पूल क्षेत्रगत कार्यक्रम तर्फ रु ३२ लाख ३० हजार रुपैयाको सिधै अख्तियारी प्राप्त भएको छ । यस्ता कार्यक्रमको लागि प्राप्त भएको रकमको प्रतिवेदन सिधै नेपाल सरकारमा पठाउने गरी अख्तियारी प्राप्त भएकाले स्थानीय सरकारको बजेट प्रणालीमा समावेश गरिएको छैन ।

१९. आर्थिक वर्ष २०७४/७५को राजस्व र व्ययको यथार्थ विवरण ,ज्येष्ठ मसान्त सम्मको आर्थिक वर्ष २०७५/७६ को आय तथा व्यय विवरण तथा संशोधित अनुमान र आर्थिक वर्ष २०७६/७७ को अनुमानित आयव्ययको विवरण विनियोजन ऐनको अनुसूचीमा उल्लेख गरेको छु ।

सभाध्याक्ष महोदय,

सभाका सदस्य ज्यूहरु,

अब म क्षेत्रगत रुपमा आगामी वर्ष २०७६/७७ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

<u>सडक पूर्वाधार</u>

२०. गाँउपालिकाको सदरमुकाम देखि वडा कार्यालय जोड्ने सडकहरुलाई बाह्रै महिना यातायात सहज ढङ्गले सुचारु गर्ने उदेश्यले त्यस्ता ग्रामीण सडकहरुको स्तरोन्नतीका लागि बजेट विनियोजन गरेको छु । जसमा गण्डकी प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान रकम रु १ करोड र गाँउपालिकाले रु १ करोड थप गरी जम्मा रु २ करोड रुपैया गाँउपालिकाको गौरवको योजना अन्तर्गत गाँउपालिका सदरमुकाम देखि वडा न ३ ४ र ५ को वडा कार्यालय जोड्ने सडकलाई बजेट विनियोजन गरेको छु । त्यस्तै गाँउपालिका सदरमुकाम देखि वडा न ६ को कार्यालय जोड्ने ग्रामीण सडकको स्तरोन्नतिका लागि रु ५० लाख र  वडा न २ को कार्यालय जोड्ने ग्रामीण सडकको स्तरोन्नतिको लागि पनि रु ५० लाख विनियोजन गरेको छु ।गाँउपालिका भित्रका गाँउवस्तीमा सहज यातायात सञ्चालनका लागि वडाका सहायक ग्रामीण सडकहरुको मर्मत सुधारका लागि पनि वडास्तरीय योजना अन्तर्गत बजेटको व्यवस्था मिलाएको छु ।

<u>भवन</u>

२१. गाँउपालिकाको  आफ्नै प्रशासकीय भवन नभएकोले भाडाको अलगअलग भवन र कोठाबाट सेवाप्रवाह गर्नुपरेको बाध्यतालाई महसुस गरी आगामी आर्थिकवर्ष सम्पन्न हुने गरी गाँउपालिकाको प्रशासकीय भवन निर्माणको लागि रु २ करोड बजेट विनियोजन गरेको छु।त्यस्तै वडा न २ को कार्यालय भवन निर्माणको लागि पनि रु ६०लाख बजेट व्यवस्था मिलाएको छु।

<u>कृषि क्षेत्र</u>

२२. नागरिकको खाद्यअधिकार सुरक्षित गर्दै गरिवीको अन्त्य गर्न,ठुलो संख्यामा रहेका कृषक परिवारको आयस्तर वृद्धि गर्न तथा सवल अर्थतन्त्रको निर्माण गर्न कृषिको आधुनिकीकरण, विशिष्टीकरण र व्यवसायीकरण जरुरी छ । यसका लागि कृषि यान्त्र उपकरण र कृषि सामाग्रीहरुको व्यवस्था गर्न वजेटको व्यवस्था गरेको छु ।गाँउपालिकाको करिब २०० जना कृषकहरुलाई व्यवसायिक र सीपमूलक तालिम प्रदान गर्ने उदेश्यले बजेटको व्यवस्था मिलाएको छु ।

२३. खेतीयोग्य बाँझो जमिनहरुको उपयोग गर्न व्यवसायिक करार खेती पद्धति मार्फत फलफूल विकास कार्यक्रम सञ्चालन गर्न रु १०लाख रुपैया विनियोजन गरेको छु।कृषि तथा पशुपन्छी क्षेत्रमा

व्यावसायिक रुपमा फर्म सञ्चालन गरेका कृषकहरुलाई उक्त क्षेत्रमा दिगोपना कायम गरिराख्न कृषि सहकारी तथा कृषि विकास बैङ्कसँग सहकार्य गरी कृषि ऋणमा व्याज अनुदान कार्यक्रम सञ्चालनको लागि रु १२ लाख बजेट विनियोजन गरेको छु ।

खानेपानी

२४. आधारभुत खानेपानी नपुगेको गाउँवस्तीमा खानेपानी पुर्याउने कार्यक्रमलाई निरन्तरता दिएको छु ।एक घर एक धारा कार्यक्रमलाई समेत अगाडि बढाउने लक्ष्य राखेको छ ।

ऊर्जा विकास

२५. प्रदेश सरकारसँगको सहकार्यमा जीर्ण अवस्थामा रहेका विजुलीको काठको पोललाई विस्थापित गरी स्टीलको पोलको व्यवस्था गरिनेछ ।सम्पूर्ण अर्जुनचौपारी गाउँपालिकालाई उज्यालो गाउँपालिका बनाउन पहल गरिनेछ ।

शहरी विकास

२६. आधुनिक सभ्यताको मानक नै सुविधायुक्त शहर भएको तथा मुलुकको विकासको स्वरुप शहरी पूर्वाधारबाटै प्रतिविम्वित हुने यथार्थलाई ध्यान दिदै शहरी विकास तर्फ पूर्वाधार सहितको व्यवस्थित शहर र बस्ती विकास कार्यक्रम सञ्चालनको लागि सङ्घ र प्रदेश सरकारलाई अनुरोध गरेर कार्यान्वयन गरिनेछ ।

पर्यटन

२७. गाउँपालिका भित्रका ऐतिहासिक,सांस्कृतिक,धार्मिक,पुरातात्विक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्दन एवं प्रचार प्रसार गर्न डकुमेन्टरी निर्माण गरी अर्जुनचौपारी गाँउबासीहरु बसाई सरी बसोबास गर्ने प्रमुख शहर बजारहरुमा डकुमेन्टरी प्रर्दशन गर्ने व्यवस्था मिलाईनेछ ।

२८. स्थानीय अर्थतन्त्रको विकास गर्न अर्जुनचौपारी गाँउपालिकाको सबै पर्यटकीय क्षेत्रहरु समेट्ने गरी पर्यटन गुरुयोजना निर्माण गरिनेछ ।साथै गाउँपालिका भित्र सञ्चालित होमस्टेको लागि होमस्टे प्रवर्दन कार्यक्रम सञ्चालन गरिनेछ र अन्य स्थानहरुमा पनि होमस्टे सञ्चालन गर्न उत्पेरित गरिनेछ ।

सहकारी

२९. सहकारी क्षेत्रको पूँजी परिचालनको माध्यमबाट सहकारी क्षेत्रलाई वित्तिय उत्प्रेरकका रुपमा विकास गरी स्थानीय अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रुपमा विकास गर्ने व्यवस्था मिलाएको छु ।गाउँपालिका भित्रका सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्न सहकारी वित्तिय विश्लेषण कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु ।

वन, वातावरण र विपद व्यवस्थापन

३०. विकास निर्माणले सर्वसाधारण नागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन र सुधार ल्याउन सक्नुपर्दछ भन्ने विश्वव्यापी मान्यतालाई अङ्गिकार गर्दै भौतिक निर्माण गर्दा वातावरणीय पक्षलाई समेत ख्याल

गरिनेछ ।साथै स्थानीय वन,वन्यजन्तु,पंक्षी,वनस्पति तथा जैविक विविधताको संरक्षण,संवर्दन र दिगो उपयोग सम्वन्धी कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

३१. विपद व्यवस्थापन हाम्रो स्थानीय सरकारको दायित्व हो भन्ने विषयलाई बोध गरी प्राकृतिक तथा गैरप्राकृतिक जन्य घटनाको जोखिमलाई न्यूनीकरण तथा नियन्त्रण गर्न छुट्टै विपद व्यवस्थापन कोष खडा गरी रु १० लाख बजेट विनियोजन गरेको छु ।

शिक्षा, युवा तथा प्रविधि

३२. आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा मैले सामाजिक रुपान्तरण र आर्थिक विकासको आधारशिला रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिएको छु।शिक्षालाई प्राविधिक र व्यवसायिक बनाउँदै सक्षम,नैतिक एवं राष्ट्रियहित प्रति समर्पित जनशक्ति निर्माण गर्न आवश्यक वजेट मिलाएको छु।

३३. सामुदायिक विद्यालयको शैक्षिक स्तरलाई प्रविधिमैत्री बनाई निजी विद्यालयहरुसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउन विद्यालयहरुमा ईमेल ईन्टरनेट तथा विद्युतीय हाजिरी जडान गर्न बजेटको व्यवस्था गरेको छु ।आगामी आर्थिक वर्ष समेत अन्तर-माध्यमिक विद्यालय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता र वडाको क्लबस्तरीय अध्यक्ष कप प्रतियोगिता परिमार्जित सहित सञ्चालन गर्न रु ५ लाख बजेट विनियोजन गरेको छु ।

३४. विपन्न विद्यार्थी शैक्षिक सामाग्री वितरण गर्न र गाँउपालिकालाई प्रतिभामार्फत पहिचान गराउने श्रष्टालाई सम्मान गर्न रु २ लाख रुपैया विनियोजन गरेको छु ।

३५. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक सस्थाहरुलाई सहायता कार्यक्रमको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु।

स्वास्थ्य

३६. विकासको साध्य र साधन दुवै नागरिक नै भएकाले सवै नागरिकलाई स्वस्थ बनाई उत्पादकत्व अभिवृद्धि गर्न र सवल मानव पुंजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिई वजेट विनियोजन गरेको छु । सबै वडाहरुमा एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरी नागरिकहरुलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न रु ३ लाखको व्यवस्था मिलाएको छु । ७० बर्ष भन्दा माथिका जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण गर्न जेष्ठ नागरिकसँग स्वास्थ्यकर्मी अभियान कार्यक्रमको लागि बजेटको व्यवस्था गरेको छु ।

३७. स्वस्थ नागरिक,स्वस्थ समाज,स्वस्थ जीवन र त्यसका लागि स्वस्थ उत्पादन र स्वयं उपभोग गर्ने बानी विकास गर्न सामाजिक जागरण ल्याईनेछ । महिला प्रजनन स्वास्थ्य तथा गर्भवती महिलाहरुलाई पोषण कार्यक्रम समेतका लागि रु ५ लाख बजेटको व्यवस्था गरेको छु ।

३८. महिला स्वास्थ्य स्वयंमसेविकाहरुले गाउँपालिकाको आधारभूत स्वास्थ्य, सरसफाइ तथा पोषणसम्वन्धी क्षेत्रमा गरेको उल्लेखीय कार्यको उच्च मूल्यांकन गर्दै उहाँहरुले प्राप्त गर्दै आएको प्रोत्साहन भत्ता लाई निरन्तरता दिन बजेटको व्यवस्था गरेको छु ।

<u>सामाजिक संरक्षण र समावेशीकरण</u>

३९. आर्थिक र सामाजिक रुपमा जोखिममा रहेका नागरिकलाई सहायता र सरक्षण प्रदान गर्नु सबै सरकारको दायित्व हो भन्ने विषयलाई मध्यनजर गरी सामाजिक सहायता कार्यक्रमको लागि बजेटको व्यवस्था मिलाएको छु ।साथै आर्थिक सहायता सम्वन्धि कार्यविधी निर्माण गरी सहायता रकमलाई उद्देश्यमूलक बनाईनेछ ।

४०. महिला,अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न तथा जनजाति वर्गहरुलाई सार्वजनिक सेवामा सबैको अपनत्व बोध गराउने हेतुले सरकारी सेवाप्रति आकर्षण बढाउन लोकसेवा तयारी कक्षा सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु ।

४१. न्यायिक अभ्यासलाई सस्थागत गरी न्यायसम्पादन प्रकृयालाई मेलमिलाप र मध्यस्थताको माध्यमबाट न्याय निरोपण गर्ने पद्धतिको निर्माण गर्न न्यायिक समितिलाई रु १३ लाख वजेट विनियोजन गरेको छु ।

<u>संस्कृति</u>

४२. स्वस्थ र सभ्य संस्कृतिको विकास गरी समाजिक सु-सम्वन्धमा आधारित समाजको निर्माण गर्न धर्म,संस्कृति,संस्कार,प्रथा,परम्परा,प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सवै प्रकारका विभेद,शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गरिनेछ ।

४३. गाउँपालिका भित्र रहेका प्राचीनकला,साहित्य र संस्कृति विशिष्ट पहिचान झल्याङने स्थान र वस्तुहरुको तस्विरहरु निर्माण गरी सजावटका लागि पनि आवश्यक व्यवस्था मिलाएको छु। साथै अर्जुनचौपारी गाँउपालिकाको प्रवेश विन्दु अर्जुनचौपारी १ ठाडाखेतमा प्रवेशद्धार गेट निर्माण गर्न रु ५ लाख बजेट व्यवस्था गरेको छु ।

<u>सुशासन र सार्वजनिक सेवा प्रवाह</u>

४४. शासकीय स्वच्छता र सुशासन प्रवर्दनलाई प्राथमिकतामा राखी सवै क्षेत्रमा सदाचार पद्धति अवलम्वन गरिनेछ ।

४५. सार्वजनिक प्रशासनको कार्य संस्कृतिमा आमूल परिवर्तन गरी संघीय शासन प्रणाली अनुरुपको सोच र कार्य शैलीको विकास गरिनेछ । सार्वजनिक पदाधिकारीहरुको जवाफदेहिता सुनिश्चित गरिनेछ ।

४६. कर्मचारी तथा शिक्षकहरुको गाउँपालिका भित्र सरुवा,पुरस्कार,सजाय,वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनमा आधारित बनाइनेछ,

४७. कर्मचारीहरुलाई सेवाप्रवाह प्रति उर्जाशिल र उत्पेरित गर्न कार्यसम्पदानमा आधारित कर्मचारी प्रोत्साहन तथा पुरस्कार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४८. आगामी आर्थिक वर्ष २०७६/७७देखि वजेट तयारी,लेखांकन तथा प्रतिवेदन जस्ता कार्य स्थानीय संञ्चित कोष व्यवस्थापन प्रणाली SUTRA शुत्र लागू गरी हाम्रो गाँउपालिकाको आर्थिक कार्यप्रणाली र प्रशासनिक कामकारवाहीमा सुशासन कायम गरिनेछ ।

४९. नेपाल सरकार,प्रदेश सरकार तथा अन्य विकास साझेदार संस्था संग साझेदारीमा गाउँपालिकाको पूर्वाधार विकासका लागि समपूरक कोषमा रु १ करोड ५० लाख व्यवस्था मिलाएको छु । उक्त कोषमार्फत साझेदारीमा गाँउपालिकामा औद्योगिक ग्राम स्थापना ,आधुनिक कभर्ड हलसहितको खेलमैदान ,बहुउदेश्यीय सभाहल निर्माण ,कृषि बजार केन्द्र र कोल्ड रुम निर्माण गरिनेछ,

५०. गाँउपालिकाले सहभागितामूलक योजनालाई प्राथमिकता दिई वडाबाट छनौट भएका वडास्तरीय योजनालाई कार्यान्वयन एकमुष्ट रु १ करोड ५० लाख रुपैया बजेट विनियोजन गरेको छु ।

५१. आगामी आ.व.मा गाँउपालिकामार्फत कार्यान्वयन हुने योजनाहरुको हकमा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम र सडक पूर्वाधार निर्माण बाहेक अन्य क्षेत्रको कार्यक्रममा चालु आ.व.मा भएको लागत साझेदारीलाई निरन्तरता दिईनेछ ।

५२. गाउँपालिकाको प्रथम त्रिबर्षिय आवधिक योजना निर्माण गरी सोही योजनालाई आधार बनाई गाउँपालिकाले आगामी ३ बर्षको योजना तथ कार्यान्वयन कार्यान्वयन गर्नेछ ।आवधिक योजना निर्माणको लागि बजेट व्यवस्था गरेको छु,

५३. आगामी आर्थिक वर्ष २०७६/७७ मा विभिन्न विषय क्षेत्रगत आर्थिक,सामाजिक,पूर्वाधार,वन,वातावरण तथा विपद व्यवस्थापन,सुशासन तथा संस्थागत विकासमा अनुमानित विनियोजन भएको वजेट विनियोजन विद्येयकको अनुसूचीमा समावेश गरेको छु ।

**सभाका अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु**

अव म बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

५४. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु ३१ करोड ४० लाख १८ हजार खर्च हुने अनुमान गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ रु ६ करोड ४४ लाख ५८ हजार र पुँजीगततर्फ रु १२ करोड १४ लाख ६० हजार रहेको छ भने सशर्त अनुदान तर्फ चालु र पुँजीगत गरी रु १२ करोड ८१ लाख रहेको छ ।

५५. आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (उपशिर्षकगत तथा खर्च शीर्षकगत समेत) गाउँपालिकाको विनियोजन विधेयक,२०७६ संगै पेश गरेको छु । त्यस विवरणमा पदाधिकारी र कर्मचारी तलव भत्ता,पानी तथा विजुली महसुल,घर भाडा,करार सेवा शुल्क,सवै कार्यक्रम खर्च,औषधि व्यवस्थापन खर्च,राहत उद्धार खर्च,शैक्षिक संस्थालाई अनुदान जस्ता प्रशासनिक प्रकृतिका चालु खर्चको लागि चालु खर्च शिर्षकमा रु ५ करोड ३८ लाख विनियोजन गरिएको छ।

५६. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु ७ करोड ६४ लाख,संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व वाँडफाँड

रु ५ करोड ३८ लाख,सशर्त अनुदान रु १२ करोड ८१ लाख,प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु १ करोड २१ लाख २४ हजार,प्रदेश राजश्व बाँडफाँड रु १९ लाख ५४ हजार,प्रदेश समपुरक अनुदान रु १ करोड, आन्तरिक राजस्वबाट प्राप्त हुने रु ४० लाख र चालु आ.वको नगद मौज्दात रु २ करोड ७६ लाख ४० हजार रहेको छ । चालु आ.व.मा संघ सरकारबाट हेलु अर्जुनचौपारी रापाकोट घण्टे सडकको स्तरोन्नतिका लागि प्राप्त समपूरक अनुदान(४० प्रतिशत) र गाँउपालिकाको ६० प्रतिशत बजेट साझेदारी गरी ठेक्का सम्झौता समेत भै कार्यान्वयन सुरुवात भएकोमा गाँउपालिकाले साझेदारी गर्नुपर्ने रकम चालु आ.व.मा बचत हुने रकमबाट भुक्तानी गर्ने व्यवस्था मिलाएको छु ।

**सभाका अध्यक्ष महोदय,**
**सभाका सदस्यज्यूहरु,**

अव म आर्थिक वर्ष २०७६/७७ को लागि राजस्वका नीति प्रस्तुत गर्न चाहन्छु,

५७. स्थानीय सरकारको क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति लिएको छु ।

५८. कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गरिनेछ ।कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

५९. आर्थिक रुपले विपन्न,अशक्त र असहाय अवस्थामा रहेका नागरिक मैत्री कर प्रणाली विकसित गरिनेछ ।

६०. गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएकाहरुको परिचयपत्र सम्वन्धी,आर्थिक रुपमा विपन्नहरुको निशुल्क उपचार सम्वन्धी तथा प्राकृतिक प्रकोप सम्वन्धी सिफारिश दस्तुर छुट गरिनेछ ।

६१. रोडा, ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा लगायतका दहत्तर बहत्तर शुल्क,विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी ग-४-२ बाँडफाँट खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने कानुनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

६२. गाउँपालिका भित्रका व्यापारिक र व्यावसायिक प्रकृतिका मनोरञ्जनका महोत्सव, उत्सव तथा मेला आदिमा मनोरञ्जन करको व्यवस्था मिलाईनेछ ।

६३. गाउँपालिका भित्रमा सम्पत्ति कर वि.सं.२०७६ साल श्रावण १ देखि लागूगरिनेछ,

६४. गाउँपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यवसाय करको दायरामा लिईनेछ ।

६५. राजश्व सम्वन्धी प्रस्तावित विधेयक,२०७६ यसै सभाबाट पारित भैसकेको छ । त्यस्तै कर तथा गैर करको दर रेट सम्बन्धी अर्थ सम्वन्धी प्रस्ताव यसै बजेट मन्तब्य सँग संलग्न राखेको छु । सो विद्येयक सम्वत २०७६ साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएकोछु ।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यहरु,**

६६. यो बजेटको कार्यान्वयनमा नागरिक सहभागितालाई नागरिकको अधिकारको रुपमा स्थापित गरी स्वशासन र जनताद्वारा शासनको चरितार्थ गरी जनताप्रति पूर्ण जिम्मेवारपूर्वक भूमिका निर्वाह गर्ने कार्यमा हामी पूर्ण प्रतिवद्ध छौ ।

६७. यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष,गाउँसभाका सदस्यहरु,विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र र विषयगत क्षेत्रका विज्ञहरु तथा पत्रकार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाह प्रति हार्दिक आभार प्रकट गर्दछु ।

६८. यो बजेटको सफल कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।साथै,मुलुक भित्र र वाहिर रहनु भएका सवै नेपालीलाई समृद्ध अर्जुनचौपारी,सुखी अर्जुनचौपारीवासी निर्माणको यात्रामा सहभागी हुन आव्हान गर्दछु ।

धन्यवाद !

चीनमाया गुरुङ्ग

उपाध्यक्ष, अर्जुनचौपारी गाउँपालिका